नेपाल सरकार

# चिकित्सा शिक्षा आयोग

## (परीक्षा निर्देशनालय)

☎ ०१-६६३९४१४, ६६३९४१५, ६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-

चलानी नं. :-

नेपाल सरकार चिकित्सा शिक्षा आयोग सानोठिमी, भक्तपुर

मिति :- २०८०/०८/०७

**चिकित्सा शिक्षा स्नातक तहमा म्याचिङ (Matching) प्रणालीबाट छात्रवृत्ति तथा सःशुल्क तर्फ उम्मेदवार छनौट गर्नका लागि अनलाइन प्राथमिकताक्रम निर्धारण (Online Priority Setting) गर्ने सम्बन्धी जरूरी सूचना**

मिति २०८०/०७/१८ गतेदेखि २२ गतेसम्म सञ्चालन भएको चिकित्सा शिक्षा स्नातक तह (MECEE-BL 2024) का विभिन्न शैक्षिक कार्यक्रमहरूको एकीकृत प्रवेश परीक्षाको मिति २०८०/०७/२३ गतेदेखि ऐ २५ गतेसम्म प्रकाशित नतिजाको योग्यताक्रम र आरक्षण समूहहरूको योग्यताक्रममा रहेका उम्मेदवारहरूको अनलाइन प्रणालीबाट म्याचिङ गरी विद्यार्थी भर्नाका लागि **शिक्षण संस्था र शैक्षिक कार्यक्रम छनौट** गर्न चिकित्सा शिक्षा आयोगको वेबपोर्टल https://entrance.mec.gov.np मार्फत मिति २०८०/०८/०९ गते विहान १०:०० बजेदेखि ऐ १५ गते अपरान्ह ३:०० बजेसम्म **उम्मेदवार स्वयंले अनलाइन प्राथमिकताक्रम निर्धारण गर्न** चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा तथा विद्यार्थी भर्नासम्बन्धी कार्यविधि, २०७९ बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

छात्रवृत्ति तथा सःशुल्क दुबैतर्फको सिटहरूमा म्याचिङ हुनका लागि अनलाइन प्राथमिकताक्रम निर्धारण (online priority setting) एक पटकमात्र गराइने र उम्मेदवार स्वयंमले निर्धारण गरेको प्राथमिकता निर्धारणको आधारमा नै सम्पूर्ण चरणका म्याचिङ हुने हुनाले योग्यताक्रममा रहेका अध्ययन गर्न चाहने उम्मेदवारहरूले अनिवार्य रूपमा "शिक्षण संस्था र शैक्षिक कार्यक्रम" छनौटका लागि अनलाइन प्राथमिकताक्रम निर्धारण गर्नुहुन सूचित गरिन्छ । प्राथमिकता निर्धारण गर्न छुटेका उम्मेदवारहरू समापन म्याचिङका लागि मात्र योग्य हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

**क. सिट विभाजन सम्बन्धी विवरण**

विदेशी, सैनिक कल्याणकारी कोष, सःशुल्क तथा छात्रवृत्ति (खुला तथा आरक्षण) समूहतर्फ शिक्षण संस्था तथा शैक्षिक कार्यक्रमहरूमा गरिएको सिट विभाजन सम्बन्धी विवरण मिति २०८०/०६/०९ गते आयोगको वेबसाइटमा प्रकाशित गरिसकिएको छ ।

☎ ०१-६६३९४१४, ६६३९४१५, ६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

नेपाल सरकार चिकित्सा शिक्षा आयोग सानोठिमी, भक्तपुर

ख. छात्रवृत्ति तथा सःशुल्कतर्फको अनलाइन प्राथमिकताक्रम निर्धारण (online priority setting) कार्यतालिका

| क.सं. | विवरण | मिति र समय |
|---|---|---|
| 1 | Online priority setting START | २०८० मंसिर ९, समय १0:00 |
| 2 | Online priority setting CLOSE | २०८० मंसिर १५, समय ३:00 बजेसम्म |

ग. शिक्षण संस्था र शैक्षिक कार्यक्रमको प्राथमिकताक्रम निर्धारण गर्ने प्रक्रिया

१. एकीकृत प्रवेश परीक्षाको नतिजामा योग्यताक्रमको सूचीमा रहेका उम्मेदवारले https://entrance.mec.gov.np मा ब्राउज (browse) गरी login बटनमा क्लिक गर्नु पर्नेछ ।

२. आफ्नो Username र Password राखेर Profile login गर्नुपर्नेछ ।

३. Profile खुलेपछि देखिने Application menu मा क्लिक गर्नुपर्नेछ ।

४. त्यसपछि देखिने view details मा क्लिक गर्नुपर्नेछ ।

५. योग्यताक्रममा नाम समावेश भएको Program को Action कोलममा देखिएको Set college priority बटनमा क्लिक गर्नुपर्नेछ ।

६. प्राथमिकताक्रम निर्धारण गर्नका लागि आफ्नो प्रोफाइलमा रहेको "Add College and Program" बटनमा क्लिक गरेपछि शिक्षण संस्था र शैक्षिक कार्यक्रम ड्रपडाउन मेनु (drop-down menu) मा देखिनेछ ।सो मेनुबाट प्राथमिकताक्रमका आधारमा शिक्षण संस्था र शैक्षिक कार्यक्रम छनौट गर्नु पर्नेछ । त्यहाँ रहेको "Insert below", "Insert above" र "Remove" बटनले उम्मेदवारहरूको प्राथमिकताक्रम थप्न/सच्याउन/हटाउन सकिनेछ । अन्त्यमा Save college and program priority मा क्लिक गरी Save गर्नुपर्नेछ ।

७. यस सूचना तथा शिक्षण संस्था र शैक्षिक कार्यक्रम छनौट गर्ने अनलाइन प्रणालीमा दिइएका जानकारीहरू अध्ययन गरी प्राथमिकताक्रम निर्धारण गर्ने कार्य गर्नु पर्नेछ । सिट सङ्ख्या सम्बन्धी विवरण यसै सूचनामा दिइएको क्यूआर कोडबाट पनि प्राप्त गर्न सकिनेछ ।

८. आफूले अध्ययन गर्न चाहेको शिक्षण संस्था र शैक्षिक कार्यक्रम मात्र छनौट गरी प्राथमिकताक्रम निर्धारण गर्नु पर्नेछ ।

नेपाल सरकार

# चिकित्सा शिक्षा आयोग

(परीक्षा निर्देशनालय)

☎ ०१-६६३९४१४, ६६३९४१५, ६६३९४१६

एक्स्टेन्सन : ६३३, ६३४, ६३५

वेबसाइट : www.mec.gov.np

इमेल: entrance@mec.gov.np

सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-

चलानी नं. :-

नेपाल सरकार चिकित्सा शिक्षा आयोग सानोठिमी, भक्तपुर

९. आयोगले निर्धारण गरेको "Online Priority selection" को समयसीमाभित्र आफूले चयन गरेको प्राथमिकताक्रम संशोधन गर्न सकिनेछ । प्राथमिकताक्रम परिवर्तन गरे पश्चात् "Save college program priority" बटनमा क्लिक गरी सुरक्षित (save) गर्नु पर्नेछ । निर्धारित समय समाप्त भए पश्चात् प्राथमिकताक्रम संशोधन गर्न सकिने व्यवस्था नभएकाले समयमै प्राथमिकताक्रम निर्धारण कार्य सावधानीका साथ अन्तिमीकरण गर्नु पर्नेछ ।

१०. शिक्षण संस्था र शैक्षिक कार्यक्रम छनौट गर्दा आयोगले मिति २०८०/०६/०९ गते निर्धारण गरेको छात्रवृत्ति वा सःशुल्क सिटको निक्यौंल गरी छनौट गर्नु पर्नेछ ।

११. उम्मेदवारहरूले शिक्षण संस्था र शैक्षिक कार्यक्रमको प्राथमिकताक्रम निर्धारण गर्न तोकिएको समय समाप्त भएपश्चात् आफूले निर्धारण गरेको प्राथमिकताक्रमको कन्फर्मेसन पेज (confirmation page) डाउनलोड (download) गरी सुरक्षित राख्नु पर्नेछ ।

१२. अनलाइन प्राथमिकताक्रम निर्धारणको समय समाप्त भएपश्चात् उम्मेदवारहरूको योग्यताक्रम, प्राथमिकताक्रम र उपलब्ध सिटका आधारमा कम्प्युटर प्रणालीमा आधारित भई म्याचिङ गरिनेछ ।

## घ. क्युआर कोडहरू (QR Codes)

तलको क्युआर कोड (QR code) बाट पनि अनलाइन प्राथमिकताक्रम निर्धारण पोर्टल (priority setting portal) तथा सिट विभाजनको सूचना (seat notice) मा जान/प्रवेश गर्न सकिनेछ ।

**Priority Setting Portal**

**QR for Seats**

धनबहादुर श्रेष्ठ

उपसचिव